# नेपाल-भारत उद्योग वाणिज्य संघ
## NEPAL-INDIA CHAMBER OF COMMERCE & INDUSTRY

द.नं.: ९०/०५१/५२
जि.प्र.का. काठमाडौं
स.क.प.द.नं.: १९७५८
पान नं: ३०२३१२११९
नक्साल, काठमाडौं ।


नेपाल-भारत पर्यटन प्रबर्द्धनको उद्देश्य सहित नेपाल-भारत उद्योग वाणिज्य संघद्वारा प्रकाशित कफीटेबल पुस्तक लोकार्पण गरेको सम्बन्धमा
नेपाल-भारत उद्योग वाणिज्य संघको

**प्रेस बिज्ञप्ति**

नेपाल-भारत उद्योग वाणिज्य संघले एक कार्यक्रमको आयोजना गरी आज "रिलिजियस एण्ड स्पिरिच्युअल सर्किट नेपाल एण्ड ईण्डिया" नामक कफी टेबल पुस्तक प्रकाशन गरी लोकार्पण गर्यो । संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीको प्रमुख आतिथ्यमा संघका अध्यक्ष श्रीमती सृजना राणा, नेपालका लागी भारतीय राजदूत श्री नबिन श्रीवास्तव र परारष्ट्र सचिव श्री भरत राज पौड्यालले संयुक्त रुपमा उक्त कफी टेबल पुस्तकको लोकार्पण गर्नुभयो ।

संघका अध्यक्ष श्रीमती सृजना राणाले आफ्नो स्वागत मन्तब्यका क्रममा नेपालमा सीताको जन्म भएको र भारतको अयोध्यामा जन्मेका रामसंग बिबाह भएको, बुद्धको जन्म नेपालमा भएको र भारतमा ज्ञान प्राप्त गरेको, सतीदेबीले महादेबको हेला सहन गर्न नसकेर अग्नि कुण्डमा प्रबेश गरी प्राण त्याग गरेको र सतीदेबीको मृत शरिर बोकेर भगवान शिब बिभिन्न स्थानमा गएको बेला सतीदेबीको अंग पटन भएजति सबै स्थानमा शक्तिपीठ उत्पति भएको जस्ता कुराहरु बच्चा बेलामा बज्यैहरुबाट सुन्ने गरेको र उक्त कुराहरु किमबदन्तीमै मात्र सिमीत भएको जस्तो लागेर उक्त बिषयलाई पुस्तकमा लिपीबद्ध गरी प्रकाशित गर्नसके नेपाल र भारतका तीर्थालुहरुका लागी अत्यन्त उपयोगी हुनुका साथै यसको प्रचार प्रसारबाट नेपालको धार्मिक पर्यटनमा सहयोग पुग्ने भएकोले यो पुस्तक प्रकाशित गर्नु आफ्नो सपनाको रुपमा अघि बढाएको र आज उक्त सपना साकार भएको बताउँदै यस कार्यमा आफ्नो अनुसन्धार उपलब्ध गराउनुभएका बिज्ञहरु सबैप्रति आभार प्रकट गर्नुभयो ।

प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले नेपाल-भारत बीचको सम्बन्धको असाध्यै पूरानो, ऋषीमूनीहरुको पालाखेखिको सम्बन्ध भएको र अत्यन्त घनिष्ठ सम्बन्ध रहेको र अहिले पनि यो ब्यापार, सामाजिक सांस्कृतिक मात्रै नभई पारिवारिक पनि भएको र नेपाल-भारत उद्योग वाणिज्य संघले प्रकाशनमा ल्याएको कफीटेबल पुस्तकले दुइदेश बीचको धार्मिक पर्यटन प्रबर्द्धनमा उल्लेखनीय योगदान पर्याउने बिचार ब्यक्त गर्नुभयो भने पुस्तकमा उल्लेख गरिएका - शिबशक्ति सर्किट, महाभारत सर्किट, रामायण सर्किट, बुध्दिष्ट सर्किट अनि धेरैलाई नौलो लाग्न सक्ने शिख सर्किट, यी सबैले हामी दुईदेशका नागरिकहरुलाई अझ नजिक्याई दिएको महशुस हुन्छ जसले गर्दा पनि नेपाल र भारत बीचको सम्बन्ध अझ सुमधुर र सौहार्दपूर्ण हुनेछ भन्ने बिश्वास ब्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा भारतीय राजदूत श्री नबिन श्रीवास्तवले संघको प्रकाशन यस पुस्तकले नेपाल र भारतबीचको सदियौंदेखीको सम्बन्धलाई थप उचाईमा पुर्यान सहयोगी बन्ने बिश्वास ब्यक्त गर्नुभयो ।

बिभिन्न बिज्ञहरु डा. रमेश ढंगेल, डा. बासुदेब कृष्ण शास्त्री नेपालका सर्किटहरुको वारेमा तथा श्री निरा मिश्रा, राजिन्दर सिंह चढाले भारतीय सर्किटहरुको वारेमा आफ्नो बिचार राख्नुभयो ।

संघका उपाध्यक्ष श्री सुनिलकेसीले उक्त पुस्तक प्रकाशनमा सहयोग गर्नुहुने सम्पूर्ण सदस्यहरु लगायत सबैलाई धन्यबाद ब्यक्त गर्नुभयो ।

मार्शल राठौर
उपनिर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
एस अपार्टमेण्टस्, नारायणचौर, नक्साल, काठमाडौं ।
मिति: २०७९ चैत्र १३ गते सोमवार ।